# भरतपुर उप-महानगरपालिका

## भरतपुर, चितवन

**आ.ब.०७१।७२ को दोस्रो चौमासीकको**

(मिती २०७१ फाल्गुण २९ गते)

## सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन


प्रतिवेदकः

Institute of Human Resources Development(IHRD)

**Gaindakot-2,Nawalparasi**

Phone: 056-501410

E-mail: ihrdgaindakot@gmail.com

**भूमिका :**

"सार्वजनिक सुनुवाइ" भन्नाले सरोकारवाला सर्वसाधारण नागरिक र अधिकारमा वसेका स्थानीय निकायका पदाधिकारीहरु वीच सार्वजनिक चासोको विषयमा सार्वजनिक थलोमा खुला छलफल गर्ने प्रकियालाई जनाउँछ ।

भरतपुर उप-महानगरपालिकावाट संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा सार्वजनिक गरी त्यस्ता विषयका सम्वन्धमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र नागरिकवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्न तथा जिम्मेवार संस्कार स्थापित गर्नका लागी आ. व. ०७१।०७२ मा दोस्रो सार्वजनिक सुनुवाई सम्पन्न गरेको छ ।

**उद्येश्य :**

स्थानीय निकाय सार्वजनिक सुनुवाइ कार्यविधि २०६७ तथा न्यूनतम शर्त तथा कार्य सम्पादन मापन कार्यविधि -परिमार्जन) २०६७ मा ब्यावस्था भए बमोजिम सार्वजनिक सुनुवाइ कार्य गर्नु हो ।

**सुनुवाईको तयारी :**

नागरिक प्रतिवेदन र बहिर्गमन अभिमतको नतिजा एवं सेवा सुविधा प्रवाहका विषयमा प्राप्त जनगुनासो तथा सुझावको व्यवस्थापन र स्थानीय निकायको नीति, कार्यक्रम, बजेट तथा प्रगति, सामाजिक परीक्षण तथा सार्वजनिक परीक्षण प्रतिवेदनहरु सार्वजनिक सुनुवाईका विषयवस्तुहरु रहेकाले सार्वजनिक सुनुवाइको कार्यक्रम हुने दिन भन्दा पन्ध्र दिन अगावै न.पा. भित्रका वभिन्न वडाहरु बस्ने सेवाग्राही ५२ जना मध्ये दलित संख्या १०,जनजाति संख्याः -१६ र महिला संख्या-१६ नागरिकवाट नागरिक प्रतिवेदन **र** कार्यालयको सेवा वा सुविधा वा वस्तु प्राप्त गरेका सेवाग्राही नागरिकमध्ये ५२ जना मध्ये २९ जना पुरुष र ३३ जना महिलाहरुको बहिर्गमन अभिमत निर्दिष्ट फारम को प्रयोग गरी सूचना संकलन गरियो । निजहरुलाई सार्वजनिक सुनुवाइमा भाग लिन समेत सुचना संकल्नको कममा र सार्वजनिक सूचना मार्फत समेत निमन्त्रणा गरिएको थियो । नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत संकलन गर्ने अन्य विधि , प्रकृया र फारमहरुको प्रयोग सार्वजनिक सुनुवाई कार्यविधी २०६७ बमोजिम गरिएको छ । त्यसैगरी सार्वजनिक सुनुवाई पूर्व न.पा. दिने सेवा सुविधाहरु,न.पा. को नीति तथा कार्यकम,बजेट तथा प्रगती,सामाजिक परीक्षण,पहिलो चौमासिक सार्वज्निक सुनुवाईको प्रतिवद्धताको कार्यान्वयन स्थिती आदिको सुचना तथा जानकारीहरु संकल्न,अध्ययन र बिश्लेषण गरिएको थियो ।

**सुनुवाइ गरिएका बिषय बस्तुहरुः**

सार्वजनिक सुनुवाईको विषय वस्तुहरु तपसिल बमोजिमका रहेका थिए ।

क) नागरिक प्रतिवेदन र बहिर्गमन अभिमतको नतिजा

ख)सेवा सुविधा प्रवाहका विषयमा प्राप्त जनगुनासो तथा सुझावको व्यवस्थापन

ग) न.पा. को नीति,बजेट तथा कार्यक्रम

घ) प्रथम चौमासिक सार्वजनिक सुनुवाई

ङ) सामाजिक परीक्षण आदि

**कार्यक्रम आयोजना स्थलः–**

कार्यक्रम भरतपुर उप-महानगरपालिका कार्यालयको सभा हलमा सम्पन्न भएको थियो ।

**कार्यक्रम आयोजना गरिएका मिति र समय :-**

कार्यक्रमको आयोजना मिति २०७१ साल फाल्गुण २९ गते , दिउसो ११.०० बजे देखि ३.०० बजे सम्म जम्मा ४ घण्टा सम्म भएको थियो ।

**कार्यक्रम संबन्धी संक्षिप्त गतिविधीहरुः**

माथि उल्लेखित स्थान,मिति र समयमा कार्यक्रमको संचालन कार्यक्रमको तालिका अनुसार Institute of Human Resource(IHRD) का तर्फबाट प्रमुख कार्यक्रम सहजकर्ताको रुपमा श्री ईन्द्रज्योती पौडेलले गर्नु भएको थियो । उहाँले कार्यक्रमको अध्यक्षता योजना शाखाका प्रमुख बरिष्ठ ईन्जिनियर श्री भरत कुमार आचार्यले गर्नुभएको थियो । संस्थाका प्रबन्ध निर्देशक श्री हरिलाल साकोटाबाट कार्यक्रम संबन्धी आचार संहिता र सार्वजनिक सुनुवाईको संबन्धमा प्रस्तुतीकरण गर्नुभएको थियो । IHRD का तर्फबाट श्री ईन्द्रज्याती पौडेलबाट संकलित नागरिक प्रतिवेदन(Citizen Report Card) र बर्हिगमन अभिमत(Exit Poll )को प्रतिवेदन जनताको नजरमा भरतपुर उप-महनगरपालिका नामाकरण दिदै जस्ताको त्यस्तै प्रस्तुत गर्नुभयो । तत्पश्चात दोस्रो चरणको रुपमा नगरपालिकाले प्रदान गरेको सेवा सुविधाका संबन्धमा सरोकारवाला सहभागीहरुबाट योजनाहरुका साथै विभिन्न विषयहरुमा जिज्ञासा राख्नुका साथै आगामी दिनमा गर्नुपर्ने कदमहरुको संबन्धमा सुझावहरु समेत लिखित तथा मौखिक रुपमा राख्नुभएको थियो । कार्यक्रममा उठेका जिज्ञासाहरुको जवाफ संबन्धित शाखा तथा उपशाखा प्रमुखहरुले गर्नुभएको थियो । प्राप्त सुझावहरुलाई धन्यवाद सहित स्वागत गर्दै आगामी दिनमा न.पा. को सेवा सुविधा, योजना तथा अन्य विषयहरुमा सरोकारवालहरुको कुनै गुनासो

भए कुनै पनि वेला त्यसलाई सामाधान गर्ने तर्फ आफु अग्रसर हुने लागी पर्ने भन्दै केही प्रतिवद्धताहरु सहित कार्यक्रमको अध्यक्षले कार्यक्रमको समापन भएको घोषणा गर्नुभएको थियो ।

कार्यक्रममा सहभागीहरुको नामावली , कार्यक्रम संचालनको रुपरेखा र प्रस्तुतीकरणहरु यसै प्रतिवेदनका साथ संलग्न गरिएको छ । उक्त कार्यक्रम सार्वजनिक सुनुवाई कार्यविधि २०६७ को अनुसूची ४ उल्लेख भएको आचार संहिता बमोजिम संचालन गरिएको थियो ।

**उठेका प्रश्न/जिज्ञासा र उत्तर :**

| क्रम संख्या | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न/गुनासो/ सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर र ठेगाना | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १<br><br><br><br><br><br><br>२<br><br><br><br><br><br>३ | नवराज ढकाल संयोजक वडा नं. २ वडा नागरिक मञ्च<br><br><br><br>उद्योग कुमार पिया, संयोजक वडा नं. ३ वडा नागरिक मञ्च<br><br>ईश्वर कुमार श्रेष्ठ, संयोजक वडा नं. ७ वडा नागरिक मञ्च | ➢ टेण्डर प्रकृया छिटो गरियोस् । बर्षातमा पिच गर्दा गुणस्तर नआउने विकास निर्माण कार्य समयमै होस् ।<br><br>➢ फोहोरमैला ब्यावस्थापन प्रभाकारी हुनुपर्ने र निरन्तरता दिनुपर्ने । कर्मचारीले जिम्मेवारीपूर्वक काम गर्नुपर्ने ।<br><br>➢ बजेट समयमा निकासा हुनुपर्ने<br>➢ प्रेमवस्तीमा खानेपानीको समस्या छ । खानेपानी बोर्डले समस्या समाधान गर्न सक्ने क्षमता छैन । | ई ईश्वर कुमार राजभण्डारी<br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br>ई. विराट घिमिरे | ➢ प्लटिङ्ग र भु उपयोग नीति बनाउन एउटा कार्यद लबनेको छ । भु उपयोग नीति अनुरुप कार्यान्वयन हुन्छ ।<br>➢ भुकुम्प प्रतिरोधात्मक घर निर्माण गर्न भवन आचार संहिता लागु गर्ने ब्यावस्था लागु गरिएको छ ।<br><br><br>➢ सडक बत्तीको ब्यावस्थापन गर्ने प्रयास गरिएको छ । हाल सोलार |

| | | | | |
|---|---|---|---|---|
| ४ | नारायणकाजी श्रेष्ठ,अध्यक्ष मिलीजुली टोल विकास | ➢ गाउँघरमा प्लटिङ्ग बढेको छ । खानेपानी वितरण गर्न गाह्रो हुन्छ । खुल्ला ठाउँ छैन । यस तर्फ ध्यान जाहोस् ।<br>➢ चिल्ड्रेन पार्क बनाउनुपर्ने । | बातावरण शाखा प्रमुख | बत्ती जडान गरी सडक बत्ती ब्यावस्थापन गर्न गईरशेका छौ।<br>➢ सरसफाई शुल्क उठाउने र नियमित नगर्ने ठाउँमा सरसफाई नगर्ने गरिएको छ । |
| ५. | शान्ती भण्डारी | फोहोरमैला ब्यावस्थित गर्न जनचेतना वृद्धि गर्नुपर्ने हुन्छ । | | |
| ६ | सावित्री कंडेल, भ.उ.म.न.पा. ६ | ➢ बसोबास अब्यावस्थित बन्दै गएको छ । ग्रावेल पिचको काम होस् । | | ➢ ल्याण्डफिल साईडको जग्गा खरिदको प्रकृयामा अगाडी बढेको छ । |
| ७ | कर्ण वहादुर सुवेदी | ➢ वुद्धटोलको बाटो विग्रको छ , खाल्टाखुल्टी छन् ध्यान जाओस् ।<br>➢ सेवा सुविधा एकै ठाउँबाट दिईनुपर्ने । वडा कार्यालय बाटै काम हुनुपर्‍यो । | | ➢ वातावरणमैत्री स्थानीय शासनका लागी केन्द्रबाट वजेट निकासा भएको छ । |
| ८ | राजीव न्यौपाने, पटिहानी | ➢ बालवालिका मैत्री मंच स्थापना होस्<br>➢ गा.वि.स. हुदाँ सचिवले सवै काम गर्ने अहिले न.पा. आउनु पर्ने अव सवै काम वाड वाटै नै गर्ने ब्यावस्था मिलाउनुपर्ने । | | |
| ९ | वावुराम परियार,संयोजक | ➢ सेवाकेन्द्र स्थापना गरी स्थानीय स्तरबाटै सेवा | योजना प्रमुख बरिष्ठ | ➢ नियमित रुपमा बार्षिक योजना अनुसार विकास |

| | | | | |
|---|---|---|---|---|
| १० | वडा नं. १५ वडा नागरिक मञ्च | दिइयोस् ।<br>➢<br>➢ पर्यटकीय क्षेत्रको विकासका लागी गुरु योजना बनाई लागु गर्नुपर्ने<br>➢ भुउपयोग नीति बनाईयोस् | ईन्जिनियर श्री भरत कुमार आचार्य | निर्माणका कार्यक्रम हरु अगाडी बढी रहेको छ ।जनसहभागिता जुटन नसकेकोले योजना कार्यान्वयन प्रकृयामा ढिलाई हुने गरेको छ । |
| ११ | देवकी गौत्तम, सदस्य वडा नं. १३ वडा नागरिक मञ्च | ➢ दलित जनजाती लोपोन्मुख जाती आदि सेवा सुविधा राज्यले छुटाएको भएता पनि मैले नपाएको अवस्था हो । यो रकम काहाँ जान्छ ? कसरी खर्च हुन्छ ?<br>➢ दलित र गैर दलित विचको विवाह हुदाँ नागरिकता वनाउन गाह्रो हुन्छ। त्यसलाई कसरी समाधान गर्ने न.पा. ले सोचोस् | | ➢ व्यक्तीको जग्गामा हस्तष्क्षेप गर्न कठिनाई छ ।<br>➢ वाटो पिच गर्न भत्केको वाटो वनाउन नगरपालिकाले भ्याए सम्म गर्दछ तर आवश्यकता बढदै गईरहेको छ ।<br>➢ टोल विकास संस्थालाई जिम्मेवारी बनाउने साह्रै राम्रो विचार छ । |
| १२ | फुलनाथ निउरे, संयोजक वडा नं. ५ वडा नागरिक मञ्च | ➢ विगतमा गरिएका प्रतिवद्धता कार्यान्वयन होस् । | | ➢ तेस्रो सार्वजनिक सुनुवाई कार्यक्रममा पहिलो र दोस्रोको समिक्ष सहित विश्लेषणात्मक दिन सुझाव छ । |
| १३ | मौसमी पौडेल, संयोजक वडा नं. १७ वडा नागरिक मञ्च<br><br>अरुणपिडित भण्डारी, ने.क.पा. एमाले | ➢ कर्मचारीको ब्यावस्थापन राम्रो हुनुपर्ने ।<br>➢ डम्पिङ्ग ब्यावस्थापन होस् ।<br>➢ सडकबत्ती ब्यावस्थापन गरियोस् ।<br>➢ सिप विकास तालिम कहाँ कहाँ कसत भयो? कार्यकमको भुक्तानी लिन कठिन नहोस् । | | ➢ प्रतयेक घरले एउटा वत्ती बाहिर वालीदिने |

| | | | | |
|---|---|---|---|---|
| १४ | खेमराज पौडेल, ने.क.पा. एमाओवादी | ➢ चौविसकोठी लगायतमा सार्वजनिक शौचालय बनाईयोस् । <br> ➢ सवै वडामा वरावर वजेट पठाईयोस् । <br> ➢ फोहोरलाई मोहर बनाउनुपर्ने र नगरलाई सफा र सभ्य नगर बनाउन नागरिकको पनि जिम्मेवारी हुन्छ । <br> कार्यक्रममा जिम्मेवार बर्मचारी सवै उपस्थित भएको भए राम्रो हुने थियो । <br> ➢ वडास्तरिय पार्टी प्रतिनिधीहरुलाई वोलाएको भए राम्रो हुने थियो । <br> ➢ लक्षित बजेट वडा भेलावाट विनियोजन गरिनुपर्दछ । | | हो भने सडक वत्ती ब्यावस्थापनमा सहयोग पुग्ने थियो । <br> ➢ लक्षित वर्गको वजेट त्यही वर्ग संग बसेर वनाईएको हो । |

सार्वजनिक सुनुवाइ गर्ने संस्थाको नामः Institute Of Human Resources Development Pvt. Ltd.(IHRD)

प्रबन्धक निर्देशकको नामः-हरिलाल सापकोटा

दस्तखत :-

मिति : २०७०।१२।११

## बहिर्गमन अभिमत को प्रतिवेदन(Report of Exit Poll)

१) सेवाग्राहीको लिङ्ग :– पु २९/स्त्री २३ जम्मा ५२ जना

२) जात : अभिमत जाहेर गर्ने मध्ये दलित १० , जनजाती संख्या १६

३) यस कार्यालयको काममा मात्र आउनु भएको संख्या : ३८ वा अन्य कामको लागि पनि आउनु भएको संख्या : १४

४) कार्यालयमा देहायको कुन कामको लागि आउनु भएको हो ? चिन्ह दिनुहोस् ।

क) सिफारिस लिन/पुऱ्याउन : २० जना

ख) दर्ता/नवीकरण: १४ जना

ग) आर्थिक सहयोग लिन: ५ जना

घ) योजना माग गर्न: २ जना

ङ) योजनाको किस्ता लिन: :

च) योजनाको मूल्याङ्कन गराउन: ३ जना

छ) योजनाको अन्तिम भुक्तानी लिन: १ जना

ज) स्थानीय निकायले राखेको सूचना प्राप्त गर्न: ०

झ) सूचनामूलक सामग्री प्राप्त गर्न: १ जना

ञ) अन्य कुनै भए: ६ जना जस्तै कर तिर्न आदि

| **सि.नं.** | **सेवाको नाम** | **मूल्याङ्कन -उपयुक्त कोष्ठमा रेजा ( ) लगाउने** | | |
|---|---|---|---|---|
| १. | सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो ? | अति स्पष्ट(२१) | ठीकै (२६) | अस्पष्ट(५) |
| २. | सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ? | अति धेरै(१४) | ठीकै(३१) | थोरै (७) |

| | | | | |
|---|---|---|---|---|
| ३. | तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? | मिलनसार र मैत्रीपूर्ण(२०) | ठीकै(३१) | अभद्र/अमर्यादित(१) |
| ४. | सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण–कागजात र शुल्क–दस्तुर) बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि ? | अति स्पष्ट गरिदिए(१९) | ठीकै(२५) | अलमल्ल हुने गरी अस्पष्ट सूचना दिए (८) |
| ५. | तपाईले राख्नुभएका समस्यालाई के–कस्तो समाधान दिए ? | अति सजिलो तरिकाबाट समाधान दिए (१९) | ठीकै (२९) | समाधान दिन सकेनन् (४) |
| ६. | सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के–कस्तो लाग्यो ? | अति सजिलो (छोटो)(१६) | ठीकै(२६) | लामो र झन्झटिलो (१०) |

कार्यालयको कुन–कुन पक्षमा धेरै राम्रो लाग्यो, कुन–कुन पक्षलाई सुधार गर्नुपर्ने देखियो ?

| **राम्रा लागेका कुराहरु** | **सुधार गर्नुपर्ने विषयहरु** |
|---|---|
| १. सेवा लिने ब्यबस्था, योजनाहरु उत्कृष्ट ।<br>२. सरसफाईयुक्त बाताबरणको अभियान ।<br>३. कर्मचारीको कार्यालय आउने समय ।<br>४.सहायक कर्मचारीहरुको मेहनत ।<br>५.दुखी ,गरिब प्रतिको ब्यबहार ।<br>६.कर्मचारी मिलनसार मैत्रिपूर्ण,अति स्पष्ट र सजिलो ब्यबहार भएको ।<br>७. खानेपानीको सुबिधा ,चर्पि तथा फोहोर ब्यबस्थापन ।<br>८.धुम्रपान मद्यपान आदिलाई मनाही गरिएको ।<br>९.मन्दिरको लागी डष्टविन माग्दा छिटो पाएं ।<br>१०.ढिला र सुस्त भएपनि काम पूरा भयो । | १. ठाउंठाउंमा फाहोर फाल्ने डष्टविनको आबश्यकता देखियो ।<br>२.बालबालिका सम्बन्धि कार्याक्रम अझै प्रभाबकारी बनाउने पर्ने ।<br>३.फोहोर छिटो छिटो उठाउनु पर्ने ।<br>४.सफा र सुन्दर सहर निर्माण गर्नु पर्ने ।<br>५.उप माहानगरपालिकाको आर्थिक तथा भौतिक संरचना बढाउनु पर्ने ।<br>६.सेवाग्राहिलाई सेवाालिन आउदा बस्ने ब्यबस्था गर्नु पर्ने ।<br>७.सेवाग्राहिको करबाट तलब खाने कर्मचारीले सेवाग्राहिको भाबना बुझेर काम गर्नु पर्ने ।<br>८.गरिब तथा बिपन्न बर्गलाई नगरपालिकाले सेवा शुल्क |

| | |
|---|---|
| | कम लिएर  बिशेष हेर्नुपर्ने ।<br>९.दर्ता फांटमा अनुभबिलाई राखेर छिटो काम गर्नु पर्ने ।<br>१०.अझै पनि उपमाहानगरपालिकामा केहि कर्मचारीको काम गर्ने शिपमा को कमी छ ,तालिम दिएर दक्ष बनाउनुपर्ने ।<br>११.भत्केको सडकलाई पुन निर्माण गरी सहरलाई फोहोर मैला ब्यबस्थापन गर्नु पर्ने । |

## नागरिक प्रतिवेदन को प्रतिवेदन( Report of Citizen Report Card )

## ( सन्तुष्टि वा असन्तुष्टि जनाउने )

**उत्तरदाताको संख्या :– ५२ दलित संख्याः - १०. जानजाति संख्याः -१६ महिला संख्या :-१६**

### १. सेवाको सन्तुष्टि

१.१ तपाइँले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?

| सन्तुष्ट | ठीकै | असन्तुष्ट |
|---|---|---|
| १७ | ३३ | २ |

१.२ सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?

| सन्तुष्ट | ठीकै | असन्तुष्ट |
|---|---|---|
| १९ | २७ | ६ |

### २. सेवाको नियमितता

२.१ नागरिक बडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

| सन्तुष्ट | ठीकै | असन्तुष्ट |
|---|---|---|
| १४ | ३० | ८ |

२.२ कार्यालय नियमित रुपमा ( कर्मचारीको उपस्थिति, समय पालना, कार्यचुस्तता ) सञ्चालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ?

| विश्वस्त | ठीकै | अविश्वस्त |
|---|---|---|
| १६ | २८ | ८ |

२.३ तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?

| तिरेको छैन | एकदमै कम | धेरै तिरेका |
|---|---|---|
| ३८ | १४ | ० |

२.४ यस कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औसत कति दिन लगाउने गरेको छ ?

| १ दिन | २ दिन | धेरै दिन |
|---|---|---|
| २३ | १५ | १४ |

## ३. सेवाप्रतिको जनविश्वास

३.१ यस संस्थाले दिने सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ?

| विश्वस्त | ठीक | अविश्वस्त |
|---|---|---|
| २२ | २८ | २ |

३.२ यस कार्यालयले प्रदान गरेको सेवाको बारेमा अरुलाई जानकारी गराई कत्तिको प्रचार गर्नु भएको छ ?

| धेरै | ठीकै | गरेको छैन |
|---|---|---|
| १४ | २९ | ९ |

३.३ यस संस्थामा कार्यरत कर्मचारी प्रति तपाईको विश्वास कत्तिको छ ?

| धेरै | ठीकै | विश्वास छैन |
|---|---|---|
| ११ | ३६ | ५ |

३.४ यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?

| छ | छैन | अलिअलि थाहा छ |
|---|---|---|
| १३ | २८ | ११ |

## ४. सेवाको गुणस्तर

४.१ यस कार्यालयबाट सेवा लिंदा कार्यालयले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

| सन्तुष्ट | कम सन्तुष्ट | असन्तुष्ट |
|---|---|---|
| २६ | २२ | ४ |

४.२ तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ?

| आफै | गाउँका ठूलाबडाको | मध्यस्थकर्ता |
|---|---|---|
| ४० | १२ | ० |

४.३ यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पऱ्यो ?

| १ पटक | २ पटक | सो भन्दा वढी |
|---|---|---|
| २८ | १४ | १० |

## ५. सेवा सम्बन्धी जानकारी

५.१ कार्यालयको भौतिक अवस्था कस्तो छ ?

| अति राम्रो | ठीकै | नराम्रो |
|---|---|---|
| २३ | २८ | १ |

५.२ कार्यालयमा भएको नागरिक बडापत्र बारे तपाईलाइ जानकारी छ ?

| छ | आंशिक जानकारी छ | कुनै जानकारी छैन |
|---|---|---|
| १७ | २१ | १४ |

५.३ कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ?

| अति राम्रो | ठीकै | खासै राम्रो छैन |
|---|---|---|
| १९ | २८ | ५ |

५.४ सञ्चालन गरिने सार्वजनिक कार्यक्रममा सीमान्त वर्गको उपस्थिति कति प्रतिशतसम्म हुने गरेको छ ?

| २० प्रतिशत जति | ५० प्रतिशत भन्दा माथि | थाहा छैन |
|---|---|---|
| २५ | ८ | १९ |

५.५ परिषदमा राष्ट्रिय नीति निर्देशिका अनुसार समावेशी प्रकृतिको प्रतिनिधित्व भएको छ?

| छ | ठीकै छ | प्रतिनिधित्व साह्रै कम छ |
|---|---|---|
| ९ | २८ | १५ |

## ६. नागरिक बडापत्र/उजुरी पेटिका / गुनासो सुन्ने अधिकारी सम्बन्धमा

६.१ तपाईको विचारमा सेवाग्राहीले नागरिक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ?

| धेरै | कम | गरेको छैन |
|---|---|---|
| ७ | २८ | १७ |

६.२ तपाईको विचारमा सेवाप्रदायकहरुले नागरिक बडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेको जस्तो लाग्छ ?

| धेरै | ठीकै | अति कम |
|---|---|---|
| ७ | २९ | १६ |

६.३ तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ?

| धेरै भएको छ | ठीकै भएको छ | भएकै छैन |
|---|---|---|
| १९ | १९ | १४ |

७.१ नगर सरसफाईमा तपाईको सन्तुष्टि र नगरपालिकाको प्रयास बिगत र अहिले ?

| धेरै भएको छ | ठीकै भएको छ | भएकै छैन |
|---|---|---|
| १९ | २२ | ११ |

७.२ सार्बजनिक योजना छनौट र कार्यान्वयन कस्तो छ ?

| धेरै भएको छ | ठीकै भएको छ | भएकै छैन |
|---|---|---|
| १७ | २७ | ८ |

**प्रश्नावली भाग – २**

## नागरिक प्रतिवेदन पत्र

### १. सिफारिस सम्बन्धी

१.१ सिफारिसको लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनु भयो ?

| पाएँ | ठीकै पाएँ | स्पष्ट पाइँन |
|---|---|---|
| ३० | १५ | ७ |

१.२ कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनु पऱ्यो?

| दिएँ | थोरै दिए | मागिएन र दिइएन पनि |
|---|---|---|
| ० | ९ | ४३ |

१.३ त्यहाँबाट दिने सिफारिस लिंदा कसको सहयोग लिनुभयो ?

| आफैं | मध्यस्थकर्ता वा कार्यालयकै मान्छे | नेता /ठूलाबडा |
|---|---|---|
| ४६ | ५ | १ |

१.४ राजस्व, शुल्क तथा दस्तुर को-कससंग उठाउने गर्दछन् ?

| सबैसँग कर उठाउँछन् | सीमित व्यक्ति सँग मात्र कर उठाउँछन् | धेरै वक्यौता रहने गरेको छ |
|---|---|---|
| २३ | १४ | ६ |

### २. पूर्वाधार तथा सरसफाई सम्बन्धी

२.१ कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?

| राम्रो | ठीकै | खराब |
|---|---|---|

| | | |
|---|---|---|
| १९ | २८ | ५ |

२.२ कार्यालयमा सरसफाई सम्बन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कत्तिको गरिन्छ ?

| तुरुन्तै हुन्छ | पटक पटक भनेपछि मात्रै हुन्छ | जति भनेपनि हुन्न |
|---|---|---|
| २० | २६ | ६ |

२.३ तपाईको विचारमा जि.वि.स./न.पा./गा.वि.स. ले सरसफाई तथा जनस्वास्थ्य सम्बन्धी कार्यक्रम के कस्तो किसिमले गर्छ ?

| नियमित र राम्रो संग | ठीकै गर्छ | नियमित रुपमा गर्दैन |
|---|---|---|
| २४ | २२ | ६ |

२.४ तपाईको गाविस/नगरपालिकामा विकास निर्माणको स्थिति कस्तो छ ?

| राम्रो | ठीकै | खराब |
|---|---|---|
| १३ | २६ | १३ |

२.५ सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन् ?

| प्रभावकारी छन् | ठीकै छन् | प्रभावकारी छैनन् |
|---|---|---|
| १७ | २७ | ८ |

२.६ योजनाको बिल भुक्तानी दिने व्यवस्था कस्तो छ ?

| सहज | ठीकै | अप्ठया्रो |
|---|---|---|
| २६ | १९ | ७ |

२.७ योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?

| पर्दैन | मागेरै लिन्छन् | रकम नदिए अप्ठ्यारो पार्छन् |
|---|---|---|
| ४२ | ० | १० |

२.८ योजना सञ्चालन गर्दा प्राविधिक सहयोग कत्तिको पाउनु भयो ?

| सजिलै पाइयो | कहिले काँही पाइयो | माग गर्दा पनि पाइएन |
|---|---|---|
| ३० | २१ | १ |

२.९ विकास निर्माणका बारेमा जानकारी माग्दा पाउनु हुन्छ ?

| सजिलै पाइन्छ | सोधेपछि पाइन्छ | सोधेपनि पाइदैन |
|---|---|---|
| २९ | २० | ३ |

२.१० स्थानीय निकायको आचारसंहिता पालना भएको छ ?

| पालना भएको छ | ठीकै पालना भएको छ | कत्ति पनि पालना भएको छैन |
|---|---|---|
| ३० | २० | २ |

२.११ योजना सञ्चालन गर्दा जि.वि.स./न.पा./गा.वि.स. वाट कत्तिको सहयोग पाउनु भएको छ ?

| धैरै सहयोग पाएको छु | ठीकै सहयोग पाएको छु | निरुत्साहित गरिन्छ |
|---|---|---|
| ३० | २० | २ |

## ३. यस कार्यालयको तल दिइएका विविध पक्षहरुमा तपाईको अनुभव कस्तो छ ?

३.१ आर्थिक श्रोत कस्तो छ ?

| आवश्यक श्रोत उपलब्ध | कम श्रोत उपलब्ध | अति कम श्रोत उपलब्ध |
|---|---|---|
| ३० | २१ | १ |

३.२ काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ?

| अति सरल | ठीकै | जटिल |
|---|---|---|
| २९ | १९ | ४ |

३.३ कार्यालयमा भएका कर्मचारीमा सीप कस्तो छ ?

| आवश्यक सीप छ | आवश्यकता भन्दा कम छ | सीप निकै कम छ |
|---|---|---|
| ३५ | १५ | २ |

३.४ जि.वि.स./न.पा./गा.वि.स. को आम्दानी र खर्च बाहिर सूचना पाटीमा टाँसेको देख्नुभयो ?

| टाँसेको देखेको छु | कहिले काँही टाँसेको देखिन्छ | खै कतै देखिएन |
|---|---|---|
| ३४ | १२ | ६ |

३.५ कार्य सम्पन्नको आधारमा मूल्यांकन भएको छ कि छैन ?

| छ | ठीकै मूल्यांकन हुने गरेको छ | कहिले पनि भएको थाहा छैन |
|---|---|---|
| २६ | २१ | ५ |

३.६ वर्तमान् कार्य सञ्चालन संरचना प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

| सन्तुष्ट | ठीकै | कुनै जानकारी छैन |
|---|---|---|
| २६ | २२ | ४ |

## ४. पारदर्शिता सम्वन्धी

४.१ जि.वि.स./न.पा./गा.वि.स. मा अहिलेसम्म यस वर्ष कतिवटा सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भए ?

| १ वटा | २ वटा | कार्यक्रम बारे कुनै जानकारी नै छैन |
|---|---|---|
| २५ | १६ | ११ |

४.२ जि.वि.स./न.पा./गा.वि.स. मा अहिले सम्म कतिवटा सार्वजनिक परीक्षण कार्यक्रम सम्पन्न भए ?

| धेरै | कम | भएकै छैन |
|---|---|---|
| २६ | १९ | ७ |

४.३ जि.वि.स./न.पा./गा.वि.स. मा वार्षिक रुपमा सामाजिक परीक्षण भएको छ ?

| भएको छ | अहिलेसम्म सञ्चालन भएकै छैन | कार्यक्रम बारे कुनै जानकारी नै छैन |
|---|---|---|
| २३ | १९ | १० |

४.४ सार्वजनिक सुनुवाइमा गरिएका सार्वजनिक प्रतिबद्धता कत्तिको कार्यान्वयन भएको छ?

| धेरै | ठीकै | कम |
|---|---|---|
| २१ | १४ | १७ |

४.५ सार्वजनिक सुनुवाइको अनुगमन गर्ने संयन्त्रको विकास भएको छ ?

| संयन्त्र बनेको छ | कुनै संयन्त्र बनेको छैन | कुनै जानकारी नै छैनं |
|---|---|---|
| २६ | २० | ६ |

४.६ यस कार्यालयको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ

| धेरै जानकारी पाएको छु | ठीकै जानकारी पाएको छु | कम जानकारी पाएको छु |
|---|---|---|
| २९ | १४ | ९ |

## कार्यक्रमका केही झलकहरुः
















